श्री

उच्च अदालत पाटन

वाणिज्य इजलास

इजलास नं. ४

माननीय न्यायाधीश श्री गणेश प्रसाद बराल

माननीय न्यायाधीश श्री राजुकुमार खतिवडा

आदेश

मुद्दा नं :०८३-CB-००१६

मुद्दाः बैंकिङ्ग कसुर।

नेपाल राष्ट्र बैंकका विज्ञ टोली तथा प्रहरी प्रतिवेदन समेतको जाहेरीले नेपाल सरकार.....वादी

विरुद्ध

अशोक शेरचन.....प्रतिवादी

निवेदनपत्रसाथ उपस्थित भएका प्रतिवादी अशोक शेरचनको बयान कार्य सम्पन्न भै अभियोग पत्रसहित मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री शान्ती प्रसाद शर्मा तथा प्रतिवादी अशोक शेरचनको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्ण प्रसाद सापकोटा, श्री माधव बास्कोटा, श्री रमण कुमार श्रेष्ठ, र श्री भिमसेन बन्जारा एवं विद्वान अधिवक्ताद्वय श्री धर्मराज रेग्मी र श्री रामकृष्ण लामिछानेले गर्नु भएको बहस समेत सुनियो।

यसमा यी प्रतिवादी अशोक शेरचनले आफ्नो पदिय अधिकार र जिम्मेवारीको दुरुपयोग गरी प्रभु बैंक लि.को स्रोत तथा निक्षेपलाई गैर कानूनीरुपमा कर्जा प्रवाह गरी एसियन भिलेज रिसोर्ट प्रा.लि.लाई कर्जा प्रवाह गराएको, बैंकको आन्तरिक निति विपरित धितो सुरक्षण

(दृष्टिवन्धक रोक्का) नराखी गैर कानूनी रुपमा कर्जा प्रवाह गरी बैंकको स्रोत र साधनको दुरुपयोग गरेको, बैंकको हित प्रतिकुल हुने, बैंकको सम्पत्ति खर्च गराउने जस्ता गैर कानूनी कार्य गरेकोले निज विरुद्व विरुद्व बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ तथा ९ को (१) र (२) को कसूरमा विगो रु.४८,००,००,०००।- (अठ्चालिस करोड) कायम गरी सोही ऐनको दफा १५ को उपदफा (२) को (ङ) बमोजिम सजाय गरी दफा १५ (८) बमोजिम थप सजाय गरी पाउ भन्ने समेतको अभियोग दाबी रहेको देखिन्छ।

प्रतिवादी अशोक शेरचनले गरेको बयानमा केही जग्गा धितोमा रहेको र बाँकी जग्गाको दृष्टिबन्धक पुरा गर्न ग्राहकले केही समय मागेको एवं दृष्टिबन्धकको सम्पूर्ण प्रक्रिया तत्काल पुरा हुन नसकेको भन्ने उल्लेख गरेको पाइन्छ। प्रभु बैंकको चिफ बिजनेस अफिसर सह प्रतिवादी रश्मी पन्तको अधिकार प्राप्त अधिकारी समक्षको बयान व्यहोराबाट पनि एसियन भिलेज रिसोर्टलाई ऋण प्रवाह गर्दा दृष्टिवन्धक रोक्का नभई भएको कर्जा स्वीकृति यी प्रतिवादी अशोक शेरचनले गरेको हो भन्ने खुलेको देखिन्छ। त्यस्तै गरी मलाई विश्वास गरी कर्जा प्रवाह गरिएको हुनुपर्छ भन्ने समेत व्यहोराको ऋणी कम्पनीका सञ्चालक प्रतिवादी शशिधर शर्माको बयानबाट पनि सो तथ्य समर्थित भएको देखिन्छ। त्यसैगरी प्रभु बैंक लि. मणिग्राम शाखाका शाखा प्रबन्धक प्रतिवादी सन्तोष ज्ञवालीले अधिकार प्राप्त अधिकारी समक्षको बयानमा उक्त एसियन भिलेज रिसोर्टको नाममा Outstanding Loan केन्द्रिय कार्यालयमा नै रहेको हुँदा ब्रान्चबाट फरवार्ड नगर्ने भनी अनुरोध गरेकोमा यी प्रतिवादी अशोक शेरचन समेतले पटक पटक दवाब दिएकोले फाइल फरवार्ड गरिएको हो भनी उल्लेख गरेको पाइन्छ। घटना विवरण कागज गर्ने कृष्ण कुमारी पौडेल, शैलेन्द्र डंगोल, एन्जल शर्मा समेतको घटना विवरण कागजबाट पनि दृष्टिबन्धक रोक्का नभई ऋण प्रवाह भएको तथ्य खुलेको देखिन्छ।

यसप्रकार नेपाल राष्ट्र बैंकको प्रतिवेदनहरु, प्रहरी प्रतिवेदन, प्रतिवादीको बयान, घटना विवरण कागज गर्ने व्यक्तिहरुको कागज व्यहोरा, सह प्रतिवादीहरुको अधिकारप्राप्त अधिकारी समक्षको बयान, दृष्टिबन्धक रोक्का नराखी बैंकलाई हानी नोक्सानी हुने गरी कर्जा प्रवाह गरेको भन्ने अभियोग दावी, यी प्रतिवादी बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा रही निजको जिम्मेवारी र भुमिका लगायत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा यी

प्रतिवादी निर्दोष रहेछन भनी मान्न सकिने अवस्था नहुँदा पछि ठहरे बमोजिम हुने गरी मुद्दा पुर्पक्षको लागि यी प्रतिवादी अशोक शेरचनलाई कानून बमोजिमको सिधा खान पाउने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न कानून बमोजिमको थुनुवा पूर्जि दिई सम्बन्धित कारागारमा पठाइदिनू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८३ साल असोज महिना २० गते रोज ३ शुभम्.....।

<u>आदेश सुनी सही गर्ने</u>

प्रतिवादी अशोक शेरचन